नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : info@nepalbarassociation.org.np
neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np

प.सं.

नेपाल संवत् ११४६ मिति: २०८३ भदौ १० गते

केन्द्रीय कार्यसमिति
(२०८२-२०८५)

अध्यक्ष
वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र

उपाध्यक्ष
अधिवक्ता पदम प्रसाद लिम्बु
अधिवक्ता भूपेन्द्र खनाल
अधिवक्ता सरस्वती श्रेष्ठ
अधिवक्ता अजय शंकर झा "रुपेश"
अधिवक्ता विवसकुमार बस्नेत
अधिवक्ता कृष्ण प्रसाद पोखरेल
अधिवक्ता तेज बहादुर रावल
अधिवक्ता सिद्ध राज ओझा

महासचिव
वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला

कोषाध्यक्ष
वरिष्ठ अधिवक्ता जगत बहादुर कार्की

सचिव
अधिवक्ता बाबुराम अर्याल

सदस्यहरु
वरिष्ठ अधिवक्ता राजकुमार श्रेष्ठ
अधिवक्ता मंगल सुन्दर शिल्पकार
अधिवक्ता किरण न्यौपाने
अधिवक्ता शारदा गुरुङ
अधिवक्ता दमन बहादुर चन्द
अधिवक्ता सूर्य कुमार यादव
अधिवक्ता डा. मुकुन्द अधिकारी
अधिवक्ता रंजिता कार्की
अधिवक्ता माधव मैनाली
अधिवक्ता रिंकु कुमारी यादव
अधिवक्ता किरण पौडेल
अधिवक्ता इन्दिरा आचार्य
अधिवक्ता चिरञ्जीवी तिल्क्यानी

# प्रेस विज्ञप्ति

रसुवाको भोटे कोशी नदीमा २०८३ भदौ १० गते बुधबार बिहान चीनको सिजाङ (तिब्बत) तर्फबाट आएको भीषण बाढीका कारण रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लाहरुका बस्तीहरुमा पुगेको मानवीय तथा भौतिक क्षतिप्रति नेपाल बार एशोसिएशन गम्भीर दुःख र चिन्ता व्यक्त गर्दछ ।

भोटे कोशी र त्रिशूली नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन तथा पूर्वी नवलपरासीका नदी तटीय क्षेत्रहरुका उच्च जोखिम र विपतमा परेका नागरिकको जीवनरक्षा राज्यको पहिलो दायित्व हो । अतः नागरिकको ज्यान बचाउन, बेपत्ता व्यक्तिहरुको खोजी र उद्धार गर्न, स्थानान्तरण र पुनर्स्थापना गर्न र घाइतेहरुको तुरुन्तै उपचार गर्न अनुरोध गर्दछौं । थप हताहत, मानवीय र भौतिक क्षति हुन नदिन व्यवस्थापनका सम्पूर्ण संयन्त्र, साधन-स्रोत र विकल्पहरु अविलम्ब परिचालन गर्न अनुरोध गर्दछौ ।

यस परिस्थितिमा तीन तहका सरकार, सुरक्षा निकाय, नागरिक समाज, दलहरु सबैको एकीकृत सहयोग, समन्वय, सहकार्य र ऐक्यबद्धताको आह्वान गर्दछौं । स्थानीय बार एकाइहरुलाई बाढीमा फसेकाहरुको तत्काल उद्धार, घाइतेहरुको निःशुल्क तथा प्रभावकारी उपचार र प्रभावितहरुलाई द्रुत गतिमा राहत सामाग्री उपलब्ध गराउन पहल गर्न अनुरोध गर्दछौं ।

वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला
महासचिव